स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक शिव परियार र गायिका समीक्षा अधिकारीले दशैंको अवसरमा एक दर्जन अमेरिकी सहरमा सांगीतिक प्रस्तुति दिने भएका छन्। "दशैं तिहार धमाका युएसए टूर" अन्तर्गत अन्तर्गत उनीहरूले पूर्वी अमेरिकी सहरदेखि पश्चिमसम्म आयोजना हुने कार्यक्रममा सहभागिता जनाउन लागेका हुन्। भर्जिनियास्थित थ्री-ई इन्टरटेनमेन्टले आयोजना गर्न लागेको टूर करिब डेढ महिना चल्ने भएको छ। पी-३ क्याटेगोरीको भिसामा उनीहरू अमेरिका पुगेको जनाइएको छ।

आजको विचार...



परम्परागत... (दुई पेजमा)

गोपाल प्रसाद वश्याल



लिउड अभिनेता सलमान खानको प्रतीक्षित फिल्म "मातृभूमि"ले प्रदर्शनको बाटो खोल्ने महत्वपूर्ण स्वीकृति पाएको छ। निर्माण पक्षले परिमार्जनसहित बुझाएको नयाँ संस्करणलाई भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालयका अधिकारीले स्वीकृति दिँदै "नो अब्जेक्सन सर्टिफिकेट" (एनओसी) दिएका छन्। सन् २०२० मा भारत र चीनका सैनिकबीच भएको गलवान द्वन्द्वमा आधारित फिल्मको विषयवस्तु र त्यसमा चीनको प्रस्तुतिलाई लिएर सरकारी तहमा चासो देखाइएको थियो।

❒ वर्ष ३२ ❒ अंक ८१ ❒ २०८३ असोज २० गते मंगलबार 6 October 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### जीवाणु फैलिएर एक अनुसन्धानकर्ताको मृत्यु

एजेन्सी

**मस्को,** असोज १९/साइबेरियास्थित एक प्रयोगशालामा भएको दुर्घटनाका कारण खतरनाक सङ्क्रमण फैलिएर एक अनुसन्धानकर्ताको मृत्यु भएपछि रुसी अधिकारीहरूले सतर्कता बताएका छन् । रुसी राज्य समाचार एजेन्सी टासका अनुसार इर्कुत्स्क नजिकैको शेलेखोभमा रहेको एन्टी-प्लेग रिसर्च इन्स्टिच्युटमा उक्त दुर्घटना भएको हो । संक्रामक रोगसम्बन्धी निकाय 'रोस्पोत्रेब्नाद्जोर' का अनुसार प्रयोगशालाबाट कुन भाइरस वा जीवाणु बाहिरियो भन्ने अझै स्पष्ट हुन सकेको छैन । दुर्घटनामा अज्ञात न्युमोनिया पुष्टि भएपछि प्रयोगशालाकी एक २८ वर्षीया महिला कर्मचारीको मृत्यु भएको छ । रोस्पोत्रेब्नाद्जोरले इर्कुत्स्क क्षेत्रका साथै इर्कुत्स्क र शेलेखोभ सहरको सेनेटरी तथा महामारीको स्थिति नियन्त्रणमै रहेको दाबी गरेको छ । उक्त निकायले भनेको छ, 'इर्कुत्स्क एन्टी-प्लेग इन्स्टिच्युटका एक कर्मचारीको केसका सम्बन्धमा विशेष उपायहरू अपनाइएको छ ।' छिमेकी गणतन्त्र बुरियातियाका प्रमुख अलेक्सी त्सीदेनोभले ती महिला कर्मचारीको मृत्यु सम्भावित रूपमा प्लेगका कारण भएको बताएका छन् ।

# पाल्पाली हस्तकलालाई आधुनिक बजारसँग जोड्नुपर्नेमा जोड

कृष्ण पोखरेल

**पाल्पा,** असोज १९/पाल्पाली हस्तकलालाई आधुनिक बजारसँग जोड्नुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । नेपाल हस्तकला संघ पाल्पाको २१ औं साधारण सभामा बोल्ने अधिकांस वक्ताहरुले पाल्पाको मौलिक पहिचान बोकेका हस्तकलाका सामग्रीको संरक्षणसँगै उत्पादनलाई आधुनिक बजारको मागअनुसार परिमार्जन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि पाल्पाली ढाका संघका उपाध्यक्ष तथा पाल्पा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष हरि रायमाझीले पाल्पाली हस्तकलाको ऐतिहासिक महत्व रहेको उल्लेख गर्दै पर्यटन व्यवसाय प्रवर्द्धनमा हस्तकलाले महत्वपूर्ण भूमिका खेलेको बताए । उनले पाल्पाली ढाका, करुवा लगायत परम्परागत पहिचान बोकेका हस्तकलाका सामग्रीले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन योगदान पुर्‍याउँदै आएको बताए । हस्तकलाका




उत्पादनलाई आधुनिक बजारको आवश्यकता र उपभोक्ताको रुचिअनुसार परिमार्जन गर्दै लैजानुपर्नेमा उनले जोड दिए । साधारणसभामा तानसेन करुवा उद्योगका प्रोप्राइटर तथा संघका जेष्ठ सदस्य मंगलप्रसाद बज्राचार्यले पाल्पामा करुवा निर्माणको ऐतिहासिक पृष्ठभूमि र आृनो अनुभव सुनाए । उनले संघले आफूलाई विभिन्न तालिममा सहभागी गराएकाले नयाँ प्रविधिको प्रयोगमार्फत काम गर्न सहज भएको बताए । कार्यक्रममा संघका कार्यकारी सदस्य उत्तमकुमार बज्राचार्यले पाल्पाको हस्तकला क्षेत्रको वर्तमान अवस्था, सम्भावना तथा समस्याबारे धारणा राखेका थिए । वक्ताहरूले तानसेन तथा पाल्पाको ऐतिहासिक पहिचानका रूपमा रहेका ढाका कपडा, पाल्पाली करुवा, काँस तथा तामाका भाँडाकुँडा र काठका हस्तकलाका सामग्रीले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । हस्तकलाले स्थानीय स्तरमा स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गर्दै आएको उल्लेख गर्दै यस क्षेत्रलाई थप व्यवस्थित, प्रविधिमैत्री र आधुनिक बनाउन सके जिल्लाको आर्थिक गतिविधि थप चलायमान हुने उनीहरूको भनाइ थियो । संघका कार्यवाहक अध्यक्ष सर्जुलाल बज्राचार्यले आगामी दिनमा पाल्पामा उत्पादित विभिन्न हस्तकलाका सामग्रीको उत्पादन तथा प्रदर्शनी रानीमहलमा गर्ने योजना रहेको बताए । उनले हस्तकलाका माध्यमबाट तानसेन र पाल्पालाई थप चिनाउन संघले निरन्तर काम गरिरहेको बताए । कार्यवाहक अध्यक्ष बज्राचार्यको अध्यक्षता, कोषाध्यक्ष वीरेन्द्रकाजी शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो । पाल्पामा ढाका, करुवा, काँस, तामा तथा काठका सामग्रीलगायतका हस्तकलाको लामो परम्परा रहेकाले यस्ता मौलिक उत्पादनको संरक्षण, उत्पादन वृद्धि, गुणस्तर सुधार र बजार विस्तार गर्न सके हस्तकला क्षेत्र जिल्लाको आर्थिक विकासको महत्वपूर्ण आधार बन्न सक्ने अपेक्षा गरिएको छ । मौलिकता जोगाउँदै आधुनिक डिजाइन, प्रविधि र बजार रणनीति अपनाउन सके पाल्पाली हस्तकलाले देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय बजारमा समेत आृनो छुट्टै पहिचान बनाउन सक्ने सरोकारवालाको विश्वास छ ।

## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन
- एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# धानखेतीमा रोगको सङ्क्रमण देखिएपछि किसान चिन्तित

**बाँके,** असोज १९/ बाँकेमा फल लाग्ने बेला धानखेतीमा रोगको सङ्क्रमण देखिएपछि किसान चिन्तित भएका छन् । अचानक धानखेतीमा धानको बोट सुक्ने समस्या देखिएको डुडुवा गाउँपालिका-५ का किसान अम्मर बुढाथोकीले बताए । "धानको पातमा साना खैरो हरियो पानीले भिजेको जस्ता थोप्ला देखिने र सङ्क्रमण बढ्दै जाँदा धान सुक्दै जाने समस्या देखिएको छ", बुढाथोकीले भने ।यस पटक धानको उत्पादन बढ्ने आशा गरेकामा अहिले पाक्ने बेलामा रोगको सङ्क्रमणले उत्पादन घट्ने उनको भनाइ छ । रोगबारे वडा कार्यालय र गाउँपालिका कृषि शाखामा जानकारी गराए पनि रोकथामका लागि प्रयास नभएको उनले गुनासो गरे ।

बुढाथोकीको जस्तै समस्या नेपालगञ्ज-१९ सुइयागाउँका ललवा माहुतको धानखेतीमा पनि देखिएको छ । फल लाग्ने बेलामा परेको भारी वर्षा र हावाहुरीले ढलाएको धानमा



अहिले रोगको पनि सङ्क्रमण देखिएको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बाँके सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले कतिपय धानखेतमा रोगको सङ्क्रमण भएको सूचना आए पनि क्षतिको विवरण यकिन हुन नसकेको बताइन् । उनले पालिकास्तरबाट रोग सङ्क्रमणको अवस्था र क्षतिका बारेमा सूचना सङ्कलन गर्ने काम भइरहेको जानकारी दिइन् । बाँकेमा कुल ५४ हजार ५२६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३३ हजार ५७० हेक्टरमा धान रोपाइँ हुने गरेको छ । यो वर्ष ३३ हजार ५०३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी शर्माले बताइन् ।-*रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## चाडपर्वमा हुने महँगी नियन्त्रण गर

नेपालीहरूको महान् चाड दशैँ नजिकिँदै गर्दा बजारमा चहलपहल बढेको छ । गाउँघर फर्किनेको संख्या बढिरहेको छ भने नयाँ कपडा, खाद्यान्न, फलफूल, मासु तथा दैनिक उपभोग्य वस्तुको खरिद पनि बढेको छ । तर यही अवसरलाई कतिपय व्यापारीले उपभोक्तामाथि अतिरिक्त आर्थिक भार थोपर्ने माध्यम बनाउने गरेका छन् । चाडपर्वको मुखमा अत्यावश्यक वस्तुको मूल्य अस्वाभाविक रूपमा बढ्नु, कृत्रिम अभाव सिर्जना गर्नु र कालोबजारी गर्नु गम्भीर समस्या हो ।

दशैँ नेपालीका लागि खुसी र पारिवारिक मिलनको पर्व हो । तर बढ्दो महँगीका कारण निम्न तथा मध्यम आय भएका परिवारका लागि दशैँको खर्च धान्न कठिन हुँदै गएको छ । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले घरायसी बजेट असन्तुलित बनाएको छ । आम्दानी सीमित हुने तर चाडपर्वको खर्च निरन्तर बढ्ने अवस्थाले सर्वसाधारणलाई ऋण लिनुपर्ने वा आवश्यकतामा कटौती गर्नुपर्ने बाध्यता सिर्जना गरिरहेको छ । महँगी नियन्त्रण गर्नु सरकारको प्रमुख दायित्व हो । बजार अनुगमनलाई प्रभावकारी बनाउने, कृत्रिम अभाव र कालोबजारी गर्नेलाई कडा कारबाही गर्ने, मूल्यसूची अनिवार्य रूपमा राख्न लगाउने तथा गुणस्तरहीन वस्तुको बिक्री रोक्ने काम तत्काल प्रभावकारी ढङ्गले अघि बढाउनुपर्छ । महँगी नियन्त्रणका नाममा केवल पसलमा अनुगमन गरेर मात्र पुग्दैन । उत्पादनस्थलदेखि थोक बजार, ढुवानी प्रणाली र खुद्रा पसलसम्मको सम्पूर्ण आपूर्ति शृङ्खला निगरानीमा राख्नुपर्छ । कृत्रिम अभाव सिर्जना गर्ने, सामान लुकाउने, अस्वाभाविक रूपमा मूल्य बढाउने, गुणस्तरहीन वस्तु बिक्री गर्ने व्यवसायीमाथि तत्काल कारबाही हुनुपर्छ । बजार अनुगमनलाई देखावटी अभियान मात्र नभएर नियमित, तथ्यमा आधारित र परिणाममुखी बनाउन आवश्यक छ । यससँगै व्यवसायीहरूलाई दोषीको कठघरामा उभ्याएर मात्र पनि समस्या समाधान हुँदैन । सरकारले आपूर्ति सहज बनाउन ढुवानीका लागि वैकल्पिक मार्ग, आवश्यक परे अस्थायी व्यवस्थापन र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय सुनिश्चित गर्नुपर्छ । दशैँ सबै नेपालीका लागि समान खुसीको पर्व बन्नुपर्छ । बजारमा मनपरी मूल्यवृद्धि भइरहँदा सरकारले आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । चाडपर्वको मुखमा कृत्रिम महँगी सिर्जना गर्ने प्रवृत्तिमाथि कडा निगरानी राख्दै अत्यावश्यक वस्तुको सहज आपूर्ति र उचित मूल्य सुनिश्चित गर्न सरकार गम्भीर बन्नैपर्छ ।

### Opinion @ Social Network

समय खराब हो साथि जिन्दगि होईन,
त्यसैले एक दिन नराम्रो हुदैमा हार मान्न पर्दैन।
*(सागर आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Ale)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगइन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# परम्परागत सम्पदा संरक्षणमा नागरिक भूमिका



## गोपाल प्रसाद वश्याल

नेपाल सांस्कृतिक विविधताको धनी देश हो । यहाँ धेरै पहिलेदेखि मानिसहरूले आन्तरिक, परम्परागत, राजनीतिक, आर्थिक, सामाजिक, बौद्धिक, कलात्मक, भावनात्मक, धार्मिक आदि स्वरूपमा अभ्यास र अवलम्बन गर्दै आएका परम्परा र संस्कारको समष्टि रूप नै नेपाली संस्कृति हो । यसरी नेपालमा प्राचीन समयदेखि समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वास, जीवन आदर्श, धार्मिक आस्था, सामाजिक मान्यतामा आधारित परम्परा रहिआएको छ । यसै परम्परागत ज्ञान र सीपको जगमा उभिएका नेपालका ऐतिहासिक सहरहरूले आ-आफ्नै मौलिक पहिचान बोकेका छन् । तानसेन, बन्दीपुर, भक्तपुर, कीर्तिपुर जस्ता सहरहरू नेपालको सांस्कृतिक सम्पदाका जीवन्त उदाहरण हुन् । यी सहरहरूको संरक्षणमा सरकारी निकाय, नगरपालिका र अन्य संस्थागत प्रयासहरू महत्वपूर्ण भए पनि वास्तविक संरक्षणको आधार स्थानीय समुदाय र नागरिक नै हुन् । परम्परागत सम्पदा भन्नाले पुर्खौंदेखि चलिआएको, सामाजिक मान्यता प्राप्त गरेको र पुस्तान्तरण हुँदै आएको सांस्कृतिक, धार्मिक, ऐतिहासिक र कलात्मक सम्पत्तिको समग्रतालाई बुझाउँछ ।

परम्परागत रीतिरिवाजभित्रकै एक अंश लोकप्रथा हो । लोकप्रथा शब्द ‘लोक’ र ‘प्रथा’ दुई शब्दहरूको मेलबाट बनेको छ । ‘प्रथा’ को अर्थ “पुख्यौली चालचलन, रीतिरिवाज वा परम्परागत परिपाटी” भन्ने हुन्छ । सरल ढङ्गबाट भन्नुपर्दा प्रथा भनेको परिपाटी हो, जुन पहिलेदेखि क्रमिक रूपमा प्रणाली वा पद्धतिका रूपमा चलिआएको छ । जब जनरीतिलाई अधिक स्थायित्व अर्थात् सामाजिक मान्यता प्रदान हुन जान्छ, तब यसले प्रथाको रूप धारण गर्दछ । पितापुर्खाका पालादेखि वर्तमानसम्म चल्दै आउदा मानिसहरूलाई गहिरो रुपमा प्रभावित गरेको हुन्छ । सांस्कृतिक सम्पदा मूर्त र अमूर्त अर्थात् भौतिक र अभौतिक दुवै रूपमा रहेको हुन्छ । मूर्त सम्पदामा मठमन्दिर, दरबार, पाटी-पौवा, ढुंगेधारा, चैत्य, गुम्बा, मस्जीद, भवन जस्ता भौतिक संरचनाहरू पर्दछन् भने अमूर्त सम्पदामा लोकगीत, लोकनृत्य, जात्रा, चाडपर्व, परम्परागत सीप, हस्तकला, लोककथा, भाषा आदि पर्दछन् । मान्छेद्वारा निर्मित पानी पँधेरो, मठ-मन्दिर, चैत्य, गुम्बा जस्ता विषय मात्र नभएर पाटी-पौवा, धर्मशाला जस्ता जीवनसँग जोडिएका विषयले लोभ-त्याग, पाप-धर्म, स्वर्ग-नर्क जस्ता अनेक विषयको स्थापना समाजमा गरिदिएको छ । नेपाली समाजलाई सूक्ष्म ढङ्गले हेर्ने हो भने एउटा जातिको चालचलन संस्कारले त्यो जातिसँग सम्बन्धित उत्पादन सम्बन्ध र अर्थ व्यवस्थाको निर्धारण गरेको देखिन्छ । सामान्य हिसाबले हेर्दा गाईजात्रा पर्वसँग धेरै कुरा जोडिएर आउँछ । गाईजात्राको बेला लगाउने पोशाक, मुखुण्डो, खाने परिकार, गरिने प्रदर्शन, विधि-शास्त्र जस्ता विषय ललितकलाको पक्षसँग सम्बन्धित रहेको छ । त्यस्तै तामाङ, गुरुङ समुदायले पर्व विशेषमा बनाउने परिकार विशेष, लगाउने सांस्कृतिक पोशाक आदिमा कलाको मौलिक परम्परा साथै अर्थतन्त्रको पाटोको खोजी गर्न सकिन्छ । त्यसैले समाजलाई दिशानिर्देश गर्न र संस्कृति निर्माणमा परम्परागत कलाको महत्वपूर्ण भूमिका रहन्छ ।

तानसेन एउटा ऐतिहासिक तथा सांस्कृतिक महत्वको सहर हो । मगरात क्षेत्र तानसेनमा सेन, शाह, राणाहरूमात्र नभै नागरिक स्तरबाट गौरवमय परिवर्तन भएका छन् । नेपालको राष्ट्रिय अखण्डताको आन्दोलनसँग जोडिएको तानसेनस्थित ऐतिहासिक धार्मिक सम्पदा, कला-संस्कृति तथा पुरातात्विक महत्वका संरचना धेरै छन् । यिनीहरूलाई संरक्षण गर्दै आउने पुस्तालाई नासोको रूपमा हस्तान्तरण गर्ने दायित्व र कर्तव्य पनि हो । तानसेन नगरपालिकाले ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र बजारीकरण गरी पर्यटन प्रवर्धन गर्ने नीति अवलम्बन गरेको छ । तानसेनलाई मध्यकालीन सहरको पहिचान दिने र सहरलाई गतिशील बनाई विश्व सम्पदा सूचिमा स्तरिकृत गर्ने लक्ष्यकासाथ प्रारम्भिक कार्यहरू सुरू भएका छन् । त्यस कार्यको सफलताका लागि स्थानीय बासिन्दाको अहम् भूमिका रहन्छ । सम्पदा संरक्षणका लागि सामुदायिक सहभागिता र श्रमदानको राम्रो उदाहरण भक्तपुरको न्यातपोल मन्दिर पुनर्निर्माणमा ४,१८७ जनाले स्वेच्छिक श्रमदान रहेको थियो । २०७२ सालमा भूकम्पबाट क्षति भएको यस मन्दिरको पुन:निर्माणमा महिलाहरूको विशेष भूमिका खेलेका थिए । यस क्रममा रु १५ लाख ४७ हजार बराबरको नगद र पाँच लाख ६३ हजार बराबरको जिन्सी सहयोग भएको र अनुमानित लागतभन्दा आधा खर्चमा कार्य सम्पन्न भएको थियो । काठमाडौंको बागमति नदि सफाइ अभियानमा नागरिकस्तर सहभागिता प्रशंसनीय छ । तानसेन श्रीनगर क्षेत्रको सरसफाइमा समेत स्थानीयहरूको नियमित सरसफाइ अभियान अर्को उदाहरणीय कार्य हो । यसले नेपाली समाजमा सामुदायिक श्रमदानको परम्परा कायम रहेको देखाउँछ । तानसेनलाई मध्यकालीन सहरका रूपमा विश्व सम्पदा सूचीमा स्थान पाउने स्तरमा पुऱ्याउनका लागि केही जनस्तरका फुटकर सहभागिताहरू पूर्ण हुँदैनन् । यस कार्यका लागि गरिने खोज अनुसन्धान, पुन:निर्माण र नयाँ निर्माण कार्यका साथै स्थानीय बासिन्दाका ब्यवहार, चाडपर्व, जात्रा, उत्सव, परम्परागत संस्कृति, संस्कार आदिमा आवश्यक परिमार्जन र सुधार गर्न अग्रसरता देखाउनुपर्ने हुन्छ । तानसेनको इतिहास बाह्र मगरातबाट सुरू हुन्छ । विशेषगरी सेनकालीन ठोस प्रमाणहरू भेटिने तानसेनको सेनकाल पूर्वको स्थिति यकीन गर्न कुनै ठोस प्रमाण वा श्रुति वा अभिलेख वा लिखत प्रमाण केही छ कि ? ती प्रमाणहरू समुदायमा हुनसक्छन् । त्यसैगरी सेनकालीन विशिष्ट शैलीका मन्दिर, मूर्ति, पाटीपौवा र कला, मल्लकालीन, राणाकालीन निर्माण र सर्बसाधारणका मौलिक निर्माणमा उपलब्ध कला, वस्तु, र यहाँका जात्रा, पर्व, गहना, पहिरन, गीन, संगीत आदिका रूप र मूल्यहरूको निर्धारण गर्नु आवश्यक छ । ती प्रमाणहरू तत्कालीन सभ्यता, आर्थिक सामाजिक अवस्था, भाषिक, सांस्कृतिक ब्यवहार आदिको अवस्था पहिचानका आधार हुनसक्छन् । यसप्रकारका खोजी र संरक्षण कार्यमा नागरिकहरू, अनुसन्धाता, विज्ञ प्राविधिकहरूको योगदान आवश्यक छ । आधुनिक इञ्जिनियरिङ्गअनुसारका ढाँचामा भवनहरू निर्माण गर्ने क्रम बढिरहेकोले तानसेनजस्ता सहरहरूका पुराना संरचनाहरू मासिदै गएका छन् । श्रीनगरडाँडामा सेनकालीन दरबार थियो भनिन्छ ।

तानसेन दरबार पर्खालभित्रका संरचनाका बारेमा समयसमयमा चर्चा हुन्छ । नारायणस्थानका पोखरीहरूको स्वरूप फेरिएको छ । प्रभास पोखरी र टुँडिखेलको आकार साँघुरिएको छ । यहाँका सडक, खोल्साखोल्सी, ढल निकास, चौपारी, धारापँधेरो आदिको स्वरूप फेरिएको छ । ब्यक्तिगत घर निर्माणमा समेत निश्चित ढाँचा विकास गर्न सकिन्छ । ती परिमार्जित वा अतिक्रमित वा लोपोन्मुख सम्पदालाई मौलिक रूप दिने क्रममा स्थानीय बासिन्दाले केही गुमाउनुपर्ने वा छाड्नुपर्ने र कानूनअनुसार कारवाही पनि हुन सक्छ । त्यसका लागि नगरपालिकाको कानून र आचारसंहितामा नागरिकहरूको सहकार्य आवश्यक पर्छ । यसले सम्पदाप्रति अपनत्वको भावना सिर्जना गर्नुका साथै निर्माण लागत घटाउन र गुणस्तर बढाउन मद्दत गर्दछ । तासनेन साँस्कृतिक वैभव भएको ठाउँ हो । मगरात क्षेत्र तानसेनमा नेवारहरू १५ औं शताब्दीमा आएको मानिन्छ । नेवारी भाषा, संस्कृति जीवन्त छ । तानसेनको नाम पनि मगर भाषामा अर्थ लगाउने पनि गरिन्छ । तर यहाँ टक्सार, असन, भिमसेन, बसन्तपुर जस्ता ठाउँहरू रहेको र कुनै समय पाल्पा एउटा विशाल राज्य भएको कारणले यहाँ साँस्कृति विविधता पाइन्छ । अहिले पनि यहाँ गाइजात्रादेखि सप्ताहब्यापी विभिन्न जात्रा मनाइन्छ । नेपाल–अंग्रेज युद्धमा वीरता प्राप्तिपछि भगवतीको रथयात्रा सुरू भएकोले पाल्पा नेपाल राष्ट्रको इतिहासमा सुनौलो अक्षरमा लेखिएको छ । नेवारी सभ्यतासँगै यहाँ अन्य जातिको बसोबास रहिआएको छ । वर्तमान समयमा नेवार, मगर, ब्राह्मण, क्षेत्री, दलित आदि जात र हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन धर्मावलम्बीहरू छन् । यी सबैका आ–आफ्ना पहिचान छन् । यी मौलिक अभौतिक सम्पदाहरू भारतीय एवम् पश्चिमी प्रभावमा परिरहेका र मौलिकपन हराउँदै गएका सन्दर्भमा ती संस्कृति संस्कारको निरन्तरताका लागि स्थानीय मानिसहरूको पहल आवश्यक छ । उदाहरणका लागि यहाँको लाखे, निर्गुणभजन, मगरको झाम्रे, ब्राह्मणको भजनकीर्तनको संसक्षणमा सम्बन्धित समुदायको भूमिका रहन्छ । तासनेनलाई क्रियाशील सम्पदा सहरका रूपमा चिनाउनका लागि यहाँका युवा एवम् उद्यमी मानिसहरूको भूमिका रहन्छ । टक्सारटोल केही वर्षसम्म वास्तवमै औद्योगिक क्षेत्र थियो । तानसेनको करुवा र ढाका कपडाको पहिचानसमेत हराउँदै गएको छ । करुवा र ढाका दवै उद्योगहरू मशिननिर्मित आयातित वस्तुका कारण विस्थापित हुने खतरामा पुगेका छन् भने युवा बेरोजगारी बढेको छ । उद्यमशील मानिसहरूले यी उद्योगबाट दैनिक आवश्यकतासाथै उपहार, सजावट सामग्री निर्माण गर्न सक्दछन् । यसका लागि बीउ पुँजि र सिप सिकाउने कार्यका लागि नगरपालिकाको सहयोग आवश्यक हुन्छ । तानसेनलाई सम्पदा सहर बनाउनका लागि यहाँका संरचनाको कम्तीमा बाहिरी अग्रभागको पुन:संरचना आवश्यक छ । परम्परागत मौलिक संरचना झल्कने गरी पुन:निर्माण, सजावट, बगैंचा आदिको विकास गर्नु आवश्यक छ । एउटा समारोहमा देखाइएको नाचमा मगर नानीहरू देखेपछि एकजना विदेशीले ती नानीहरू मगर नाच नाचेका हुन् कि भनी सोधे । वास्तवमा ती मगर नानीहरू फिल्मका रिमिक्स टुक्कामा नाचिरहेका थिए । अर्थात् यहाँ आउने पाहुनाहरूको अपेक्षा मौलिक साँस्कृतिक क्रियाकलापहरू हेर्ने हुन्छ । यस क्रममा यहाँका विद्यालय, आमा समूह, टोल संस्था, युवा क्लब आदिले मौलिक कला, गीत, नाच, पहिरन, खानामा जोड दिनुपर्ने रहेछ । आधुनिकताका नाममा गरिने अशोभनीय प्रतिस्पर्धाले मौलिक सम्पदा मेटिन्छ । परम्परागत सम्पदा संरक्षणमा नागरिकको भूमिका बहुआयामिक र महत्वपूर्ण रहेको छ ।

तानसेनमा पनि सरकारी प्रयास मात्र पर्याप्त छैन । स्थानीय समुदायको सक्रिय सहभागिता, श्रमदान, आर्थिक योगदान, सांस्कृतिक अभ्यासको निरन्तरता, परम्परागत सीपको पुस्तान्तरण र सम्पदाप्रति अपनत्वको भावनाले मात्र सम्पदा संरक्षण दिगो र प्रभावकारी हुन सक्छ । जब समुदायले आफ्नो सम्पदालाई आफ्नो सम्पत्ति भनेर संरक्षणमा प्रत्यक्ष भूमिका खेल्छ, तब मात्र संरक्षण दिगो र प्रभावकारी हुन्छ । परम्परा र नवप्रवर्तनको सन्तुलन कायम गर्दै, परम्परागत निर्माण शैली, मूर्तिकला र अमूर्त सम्पदाको मौलिकतालाई जोगाउँदै आधुनिक प्रविधि र व्यवस्थापनलाई समायोजन गर्नु आजको आवश्यकता हो ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : फाइदा उठ्दा व्यवसायमा व्यस्तता बढ्नेछ। दाम्पत्य जीवनमा खुसी छाउनेछ। | **तुला**: अनावश्यक खर्च रोक्न सकिनेछ। मनलाई शान्त राख्दा ऊर्जा बढ्नेछ। |
| **वृष** : मनमा उत्साहका साथै काम सहजै मिल्नेछ। व्यापारमा राम्रो बिक्री हुनेछ। | **वृश्चिक** : व्यापारबाट लाभ उठ्नेछ। शरीरमा थकान भए विश्राम लिनुहोस्। |
| **मिथुन** : बोलचालबाट फाइदा निकाल्न सकिनेछ। कारोबारमा नयाँ बाटो देखिनेछ। | **धनु** : यात्राको तयारी अघि बढ्नेछ। मायाको सम्बन्धमा मिठास थपिनेछ। |
| **कर्कट** : पैसाको व्यवस्थापन राम्रो हुनेछ। नजिकको सम्बन्धमा भरोसा बढ्नेछ। | **मकर** : जिम्मेवारी पूरा गर्न सहज हुनेछ। बचत बढाउने अवसर भेटिनेछ। |
| **सिंह** : आफ्नो प्रभाव बढेको महसुस हुनेछ। कामको नयाँ जिम्मेवारी आउन सक्छ। | **कुम्भ**: फरक ढंगले सोच्ने ऊर्जा आउनेछ। अनलाइन कामबाट फाइदा लिन सकिनेछ। |
| **कन्या** : झन्झटबाट छुटकारा मिल्नेछ। व्यक्तिगत विषयमा सहजता आउनेछ। | **मीन** : नजिकको व्यक्तिसँग खुसीको क्षण बित्नेछ। रुचिको कामबाट सन्तोष मिल्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# ल्याबमा बनाइएका भ्रुण वास्तविक मानव भ्रुणसँग कति मिल्छन्?

सिड्नी विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले प्रयोगशालामा विकसित जैविक मोडेलहरू वास्तविक मानव भ्रुणसँग कत्तिको मिल्दोजुल्दो छन् भनेर परीक्षण गर्ने नयाँ तरिका विकास गरेका छन् । केही मोडेलहरूले राम्रो काम गरे तापनि कुनै पनि मोडेलले प्रारम्भिक मानव विकासको जटिलतालाई पूर्ण रूपमा समेट्न नसकेको अनुसन्धानबाट पत्ता लागेको छ । स्टेम सेलबाट निकालिएका भ्रुण मोडेलहरूलाई ब्लास्टोइड्स भनिन्छ । यस्ता मोडेलको अनुसन्धानले वैज्ञानिकहरूलाई दान गरिएका मानव भ्रुणहरूमा भर नपरीकन प्रजनन क्षमता, गर्भावस्थाको सफलता र प्रारम्भिक मानव विकासलाई आधार दिने जैविक घटनाहरूको अध्ययन गर्ने बाटो दिन्छ । प्राविधिक र नैतिक सीमितताका कारण लामो समयदेखि अनुसन्धान गर्न कठिन भएका प्रश्नहरूको उत्तर दिन स्टेम सेलबाट व्युत्पन्न मोडेलहरूले मद्दत गर्न सक्छन् । यद्यपि स्टेम सेलबाट निकालिएका यी संरचनाहरू अनुसन्धान मोडेल मात्र हुन्, वास्तविक मानव भ्रुण होइनन् । वर्तमान मोडेलहरू मानव भ्रुणको रूपमा विकास हुन सक्दैनन् । कुनै वस्तु भ्रुण जस्तो देखिँदैमा त्यसले जैविक रूपमा पनि भ्रुणकै जस्तो व्यवहार गर्छ भन्ने हुँदैन । सिड्नी विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले विकास गरेको एउटा कम्प्युटेसनल फ्रेमवर्कले यो प्रश्नको उत्तर दिन मद्दत गर्छ । उनीहरूको अध्ययनले मानव ब्लास्टोइड उत्पादन गर्ने चार प्रमुख विधिहरूको व्यवस्थित रूपमा मूल्याङ्कन गरेको छ । प्राकृतिक मानव भ्रुणमा देखिने कोषका प्रकार र विकास प्रक्रियाहरूलाई यी मोडेलले कति दुरुस्त रूपमा प्रस्तुत गर्छन् भन्ने कुरामा ठुलो भिन्नता रहेको अध्ययनले पत्ता लगाएको छ । सेल सिस्टम्स जर्नलमा प्रकाशित यस अनुसन्धानले प्रारम्भिक मानव भ्रुण विकासको अहिलेसम्मकै सबैभन्दा विस्तृत सन्दर्भ नक्सा (रिफरेन्स म्याप) तयार पारेको छ । यसलाई स्टेम सेलबाट बनेका भ्रुण मोडेलहरूको जैविक सत्यता मापन गर्न प्रयोग गरिएको छ । चिल्ड्रेन्स मेडिकल रिसर्च इन्स्टिच्युटको कम्प्युटेसनल सिस्टम्स बायोलोजी एकाइका प्रमुख तथा गणित र तथ्याङ्क अध्ययन संस्थानका सहप्राध्यापक पेङ्गी याङ यस अध्ययनका प्रमुख लेखक हुन् । यो अध्ययनले अनुसन्धानकर्ताहरूलाई भ्रुण मोडेलका सबल र दुर्बल पक्षहरू



बुझ्न थप वस्तुगत तरिका प्रदान गरेको उनले बताएका छन् । 'भ्रुण विकासको सुरुवाती दिनहरूको अध्ययन गर्न मानव भ्रुण मोडेलहरूमा अथाह सम्भावना हुन्छ, तर यिनीहरूले वास्तविक मानव विकासलाई कत्तिको सही ढङ्गले प्रतिविम्बित गर्छन् भनेर मूल्याङ्कन गर्ने कुनै एकनासको तरिका थिएन,' याङले भने, 'हाम्रो फ्रेमवर्कले अनुसन्धानकर्ताहरूलाई विस्तृत जैविक सन्दर्भसँग यी मोडेलहरूको तुलना गर्न र कुन कोषका प्रकार तथा विकास प्रक्रियाहरू सही रूपमा प्रस्तुत भएका छन् वा छैनन् भनेर निर्धारण गर्न सहज बनाउँछ ।' अनुसन्धान टोलीले मानव भ्रुणको विकासका महत्त्वपूर्ण चरणहरू समेट्ने १४ हजारभन्दा बढी सिंगल-सेल ट्रान्सक्रिप्टोमहरू (कोषमा रहेको आरएनए अणुहरूको समूह) लाई मिलाएर अध्ययन गरेको थियो । यसबाट उनीहरूलाई भ्रुण प्रत्यारोपण हुनुभन्दा ठिक अघि र पछिका दिनहरूमा कोषहरू कसरी सामान्य रूपमा विभाजित र सङ्गठित हुन्छन् भन्ने सन्दर्भ नक्सा बनाउन सहज भयो । त्यसपछि उनीहरूले अन्तर्राष्ट्रिय अनुसन्धान समूहहरूद्वारा विकसित र व्यापक रूपमा प्रयोग हुने चारवटा ब्लास्टोइड उत्पादन विधिहरूसँग उक्त सन्दर्भको तुलना गरे। मोडेलहरू माइक्रोस्कोपमुनि भ्रुण जस्तै देखिन्छन् वा देखिँदैनन् भनेर मूल्याङ्कन गर्नुको साटो अनुसन्धानकर्ताहरूले तिनीहरूको आणविक पहिचान, विकासको समय, वंशावली संरचना र अन्य जैविक विशेषताहरूको परीक्षण गरेका थिए । नतिजाअनुसार केही ब्लास्टोइड मोडेलहरूले प्राकृतिक मानव ब्लास्टोसिस्ट वा प्रारम्भिक भ्रूणका तीनवटै प्रमुख कोष वंशहरूलाई तुलनात्मक रूपमा राम्रोसँग प्रस्तुत गरेका थिए । तर अन्य मोडेलहरूले केही निश्चित कोषका प्रकारहरूलाई सही रूपमा प्रतिनिधित्व गर्न सकेनन् । साथै, ती मोडेलहरूमा ठुलो सङ्ख्यामा यस्ता कोषहरू थिए जसलाई कुनै पनि ज्ञात भ्रुण अवस्थासँग मेल खुवाउन सकिँदैनथ्यो । कुनै पनि एउटै मोडेलले प्राकृतिक मानव ब्लास्टोसिस्टको पूर्ण रूपमा नक्कल गर्न नसकेको अध्ययनले देखाएको छ । यी निष्कर्षहरूले भ्रुण मोडेलहरूको सम्भावना र वर्तमान सीमितता दुवैलाई उजागर गरेको याङले बताए । 'उत्साहजनक कुरा के छ भने प्रत्येक मोडेलका आफ्नै सीमितताहरू भए तापनि केही मोडेलहरूले प्रारम्भिक भ्रुण विकासका महत्त्वपूर्ण पक्षहरूलाई तुलनात्मक रूपमा राम्रोसँग समेटेका छन्,' उनले भने । वर्तमान मोडेलहरू जैविक रूपमा वास्तविक मानव भ्रुण बराबर नभएको र अनुसन्धानकर्ताहरूले यसबाट निकाल्ने निष्कर्षका सन्दर्भमा सावधान रहनुपर्ने कुरा पनि अध्ययनले देखाएको उनले प्रस्ट पारे । एउटा प्रमाणित मापदण्ड प्रदान गरेर भविष्यका मोडेलहरूलाई अझ छिटो सुधार गर्न र कडा रूपमा मूल्याङ्कन गर्न सकिने आशा अनुसन्धानकर्ताहरूले गरेका छन् । महत्त्वपूर्ण जैविक प्रश्नहरूको उत्तर दिन यी प्रणालीहरू प्रयोग गर्ने हो भने सबैभन्दा पहिले यिनीहरूले हामीलाई के कुरा भरपर्दो रूपमा बताउन सक्छन् भन्ने थाहा पाउनु आवश्यक हुने याङको भनाइ छ । 'हाम्रो कामले भ्रुण मोडेलहरू सुधार गर्न र वैज्ञानिक दाबीहरूलाई मोडेलले वास्तवमै समर्थन गर्न सक्ने कुरामा आधारित राख्न एउटा मार्गचित्र प्रदान गर्छ,' उनले भने । अनुसन्धानकर्ताहरूले आफ्नो सन्दर्भ डेटासेट र मूल्याङ्कन उपकरणहरू सार्वजनिक रूपमा उपलब्ध गराएका छन् । यसले विश्वभरका वैज्ञानिकहरूलाई एउटै मापदण्डमा आधारित रहेर नयाँ भ्रुण मोडेलहरूको परीक्षण गर्न सक्षम बनाएको छ ।

*-रातोपाटी डटकम*

# नेपाल टेलिकमले ल्यायो भर्चुअल सेट-टप बक्स

नेपाल टेलिकमले एनटी फाइबरमार्फत उपलब्ध गराउँदै आएको एनटिटिभी सेवाका लागि भर्चुअल सेट-टप बक्स सञ्चालनमा ल्याएको छ । कम्पनीले आजदेखि एन्ड्रोइड टेलिभिजनमा प्रयोग गर्न मिल्ने भर्चुअल सेट-टप बक्स उपलब्ध गराएको हो । यससँगै स्मार्ट टेलिभिजन प्रयोगकर्ताले छुट्टै भौतिक सेट-टप बक्सबिना एनटिटिभी सेवा प्रयोग गर्न सक्नेछन् । टेलिकमद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिअनुसार ग्राहकले आफ्नो एन्ड्रोइडमा आधारित स्मार्ट टेलिभिजनमा गुगलप्ले स्टोरमार्फत 'स्मार्ट एनटिटिभी' खोजी गरी सेवा प्रयोग गर्न सक्नेछन् । कम्पनीले आगामी दिनमा अन्य स्मार्ट टेलिभिजनमा पनि प्रयोग गर्न मिल्ने गरी सेवा विस्तार गर्ने जनाएको छ । नयाँ सेवाग्राहीले भर्चुअल सेट-टप बक्ससहितको योजना लिएमा रु एक हजार छुट पाउने व्यवस्था गरिएको कम्पनीले जनाएको छ । नेपाल टेलिकमले एनटी फाइबरमार्फत एउटै तारबाट टेलिफोन, उच्च गतिको इन्टरनेट र टेलिभिजन सेवा उपलब्ध गराउँदै आएको छ । कम्पनीले भर्चुअल सेट-टप बक्ससहित विभिन्न टेलिभिजन प्याकेज पनि उपलब्ध गराएको जनाएको छ ।*-रासस*

# ओपनएआईका पूर्वइन्जिनियर भन्छन्- एआई नेतृत्व सुरक्षा जोखिमप्रति सतर्क छैनन्

ओपनएआईका पूर्वसुरक्षा इन्जिनियर डेभिड रोबिन्सनले कृत्रिम बुद्धिमत्ता (एआई) विकास गरिरहेका कम्पनीहरूले अत्यधिक शक्तिशाली प्रणाली निर्माणमा पर्याप्त सावधानी नअपनाएको बताएका छन् । हालै ओपनएआईबाट राजीनामा दिएका रोबिन्सनले अमेरिकी पत्रिका 'द एटलान्टिक'मा प्रकाशित लेखमार्फत एआई कम्पनीहरूले तीव्र विकासभन्दा सुरक्षा र अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने बताएका छन् । उनका अनुसार अहिलेको एआई विकासमा अपनाइएको 'परीक्षण र गल्तीबाट सिक्ने' अर्थात् क्रमिक रूपमा प्रणाली सार्वजनिक गर्दै समस्या देखिएपछि सुरक्षा उपाय थप्ने शैली अब पर्याप्त छैन । रोबिन्सनले आणविक ऊर्जा केन्द्र वा व्यस्त विमानस्थलमा अपनाइने जस्तै बहुस्तरीय सुरक्षा, निगरानी र सावधानी एआई विकासमा पनि आवश्यक रहेको बताएका छन् । अत्यधिक सक्षम एआई प्रणालीले मानिसले अपेक्षा गरेअनुसार काम नगर्ने अवस्था आएमा त्यसको प्रभाव गम्भीर र अपरिवर्तनीय हुन सक्ने उनको चेतावनी छ । ओपनएआईमा साढे तीन वर्ष काम गरेका रोबिन्सनले कम्पनीका १२ वटा अग्रणी एआई मोडल सार्वजनिक गर्दा तयार गरिएका सुरक्षा प्रतिवेदनको लेखन तथा सुपरिवेक्षणमा नेतृत्व गरेका थिए । उनले ओपनएआईले 'क्रमिक तैनाथी'लाई सुरक्षा रणनीतिका रूपमा प्रयोग गर्दै आएको र यस क्रममा नयाँ मोडल सार्वजनिक गरेपछि समस्या देखिएअनुसार सुरक्षा उपाय सुधार्ने गरेको उल्लेख गरेका छन् । उनका अनुसार, एआई कम्पनीहरूमा तीव्रता र लचिलोपनलाई प्राथमिकता दिइने भएकाले सुरक्षा कमजोरी दोहोरिने जोखिम रहेको छ । उनले यस्तो वातावरण अत्यधिक सक्षम तथा स्वायत्त एआई प्रणाली विकासका लागि उपयुक्त




नभएको तर्क गरेका छन् । पछिल्ला महिनामा ओपनएआई र एन्थ्रोपिकका एआई प्रणालीसँग सम्बन्धित सुरक्षा घटनाले पनि यस्ता चिन्ता बढाएका छन् । ओपनएआईका एआई एजेन्टहरू परीक्षण वातावरणबाट बाहिरिएर एआई प्लेटफर्म हगिङ फेसको पूर्वाधारमा आक्रमण गरेको घटना सार्वजनिक भएको थियो । ओपनएआईले अर्को घटनामा प्रशिक्षणमा रहेको एउटा मोडलले इन्टरनेट पहुँचसम्बन्धी प्रतिबन्ध पार गरेको र त्यसलाई निगरानी गर्ने प्रणालीले मानव कर्मचारीलाई सचेत गराए पनि मोडललाई स्वत: बन्द गर्न नसकेको जनाएको थियो । एन्थ्रोपिकले समेत गलत प्रणालीगत व्यवस्थाका कारण आफ्नै सुरक्षा नियन्त्रण अस्थायी रूपमा बन्द भएको स्वीकार गरेको छ । ओपनएआईले भने आफ्ना सुरक्षा अभ्यासको बचाउ गर्दै मोडललाई आफूहरूले सुरक्षित रूपमा व्यवस्थापन र नियन्त्रण गर्न सक्ने क्षमताभन्दा बढी शक्तिशाली हुन नदिने बताएको छ । कम्पनीले सुरक्षा जोखिम बढेमा प्रशिक्षण रोक्ने वा मोडल सार्वजनिक गर्ने समय पछि सार्ने बताउँदै आएको छ । यसैबीच, एआईको सम्भावित जोखिमबारे अमेरिकी सरकार र प्रविधि उद्योगमा बहस तीव्र भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एआईमा कडा सरकारी नियमनको विरोध गर्दै यस्तो नियमनले नवप्रवर्तन सुस्त पार्ने र चिनियाँ प्रतिस्पर्धीविरुद्ध अमेरिकी कम्पनीको क्षमता कमजोर पार्ने तर्क गर्दै आएका छन् । गत सेप्टेम्बर २९ मा ट्रम्पले एनभिडिया, स्पेसएक्स, ओपनएआई, एन्थ्रोपिक, मेटा र अल्फाबेटको गुगलसँग एआई सुरक्षासम्बन्धी स्वैच्छिक सम्झौता घोषणा गरेका थिए । सम्झौतामा बलियो आन्तरिक नियन्त्रण तथा स्वतन्त्र बाह्रय लेखापरीक्षणजस्ता उपाय समेटिए पनि त्यसलाई पालना नगर्दा हुने कानुनी सजाय वा अन्य स्पष्ट कार्यान्वयन संयन्त्र भने राखिएको छैन । ट्रम्पले यसलाई 'नैतिक रूपमा बाध्यकारी' सम्झौता भनेका छन् । ट्रम्प प्रशासनले एआईसम्बन्धी जोखिम र सम्भावनाको अध्ययन गर्न 'सुपर इन्टेलिजेन्स फोर्स' नामको कार्यदलसमेत गठन गरेको छ । उक्त कार्यदलले एआईको सरकारी निगरानी तथा नियमनमा सरकारको भूमिकाबारे सुझावसहित प्रतिवेदन तयार गर्नेछ । यसबीच, रोयटर्स/इप्सोसको सेप्टेम्बर २२ मा सार्वजनिक सर्वेक्षणअनुसार करिब ७५ प्रतिशत अमेरिकी नागरिक एआई कम्पनीहरूले समाजलाई गम्भीर क्षति हुनबाट रोक्न पर्याप्त काम नगरेकोमा चिन्तित छन् । एआई एजेन्टले अनधिकृत रूपमा प्रणालीमा प्रवेश गर्ने तथा सुरक्षा नियन्त्रण छल्ने घटनासँगै यस्तो चिन्ता बढेको रोयटर्सले जनाएको छ ।

*-बाह्रखरी डटकम*

# नेपा एपमा थपिए दैनिक जीवनमा उपयोगी १० भन्दा बढी नयाँ उपकरण

नेपाली प्रयोगकर्तालाई लक्षित गर्दै सञ्चालनमा रहेको नेपा एपले आफ्नो नयाँ संस्करणमार्फत दैनिक जीवनमा उपयोगी हुने १० भन्दा बढी नयाँ उपकरण थप गरेको छ । एपलाई थप उपयोगी, सहज र बहुउद्देश्यीय बनाउने उद्देश्यले नयाँ उपकरणहरू थप गरिएको हो । नयाँ संस्करणमा पीडीएफ कागजात स्क्यान गर्ने उपकरण, क्यूआर कोड स्क्यान गर्ने उपकरण, इन्टरनेट गति परीक्षण, महिनावारी चक्र विवरण राख्ने उपकरण, एकाइ रूपान्तरण, हिसाब गर्ने उपकरण, टिपोट तथा सम्झना गराउने सुविधा, ऋण हिसाब गर्ने उपकरण, आफ्नो स्थान पत्ता लगाउने सुविधा र कर हिसाब गर्ने उपकरण लगायतका सुविधा समावेश गरिएको छ । प्रयोगकर्ताले पीडीएफ कागजात स्क्यान गर्ने उपकरणमार्फत मोबाइलबाटै आवश्यक कागजात स्क्यान गरी पीडीएफ बनाउन सक्नेछन् भने क्यूआर कोड स्क्यान गर्ने उपकरणबाट विभिन्न क्यूआर कोड सजिलै स्क्यान गर्न सक्नेछन् । त्यस्तै, इन्टरनेट गति परीक्षण सुविधामार्फत मोबाइलको इन्टरनेट गति परीक्षण गर्न सकिनेछ । विशेषगरी महिलाहरूका लागि उपयोगी हुने महिनावारी चक्र विवरण राख्ने उपकरणमार्फत महिनावारीको चक्र तथा सम्बन्धित मितिहरूको विवरण राख्न सकिनेछ ।




साथै, महिनावारी हुन सक्ने सम्भावित दिनको जानकारी तथा सम्झना गराउने सूचना प्राप्त गर्न सकिनेछ । एकाइ रूपान्तरण र हिसाब गर्ने उपकरणले दैनिक आवश्यक पर्ने सामान्य गणना तथा विभिन्न एकाइको रूपान्तरणलाई सहज बनाउनेछन् । त्यसैगरी, टिपोट तथा सम्झना गराउने सुविधामार्फत महत्वपूर्ण कुराहरू लेखेर सुरक्षित राख्नुका साथै आवश्यक समयमा सम्झनका लागि सूचना निर्धारण गर्न सकिनेछ । प्रयोगकर्ताले आफ्ना महत्वपूर्ण जानकारीलाई आवाजको टिपोटका रूपमा समेत सुरक्षित गर्न सक्ने सुविधा उपलब्ध गराइएको छ । ऋण हिसाब गर्ने उपकरणबाट ऋणको किस्ता तथा भुक्तानीसम्बन्धी सामान्य हिसाब गर्न सकिनेछ भने कर हिसाब गर्ने उपकरणबाट आम्दानी तथा करसम्बन्धी अनुमानित गणना गर्न सकिनेछ। त्यस्तै, स्थान साझेदारी सुविधामार्फत प्रयोगकर्ताले आफ्नो स्थानसम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । नेपा एपकाअनुसार नयाँ उपकरण थप गर्नुको उद्देश्य नेपाली प्रयोगकर्ताले दैनिक रूपमा आवश्यक पर्ने विभिन्न डिजिटल सेवाहरू एउटै एपबाट सहज रूपमा प्रयोग गर्न सकून् भन्ने हो । आगामी दिनमा पनि प्रयोगकर्ताको आवश्यकता र सुझावअनुसार थप उपयोगी सुविधा तथा उपकरणहरू थप गर्दै जाने एपले जनाएको छ । नेपा एपमा यसअघि नै नेपाली पात्रो, पञ्चाङ्ग, राशिफल, नेपाली समाचार, जिल्ला समाचार, नेपाली एफएम रेडियो, चर्चामा रहेका विषय तथा अन्य विभिन्न सामग्री उपलब्ध हुँदै आएका छन् । नयाँ उपकरण र आगामी सुविधाहरू थपिएसँगै एपले नेपाली प्रयोगकर्ताका दैनिक आवश्यकता तथा उपयोगी जानकारीलाई एउटै माध्यममा उपलब्ध गराउने लक्ष्य राखेको जनाएको छ ।

*-इहिमालय डटकम*

# आर. बी. निश्चलको 'ब्रह्माण्डको अन्त्य' विमोचन



**हाम्रा संवाददाता**——————

**पाल्पा,** असोज १९/ साहित्यकार आर. बी. निश्चलको सातौँ कविता संग्रह 'ब्रह्माण्डको अन्त्य' विमोचन गरिएको छ । त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पाको नेपाली विभागको आयोजनामा आयोजित कार्यक्रममा क्याम्पस प्रमुख डा. टंकप्रसाद पन्थले कविता संग्रहको विमोचन गरेका हुन् ।

हाल शिक्षण पेसामा रहेका निश्चलले त्रिभुवन बहुमुखी क्याम्पसमा कक्षा १२ मा अध्ययन गर्दा गर्दै आफ्नो पहिलो कविता संग्रह प्रकाशनमा ल्याएका थिए । त्यसयता उनले निरन्तर साहित्य सिर्जनामा सक्रिय रहँदै सातौँ कविता संग्रहसम्मको यात्रा तय गरेका हुन् । कविता संग्रह विमोचन गर्दै क्याम्पस प्रमुख डा. पन्थले निश्चलका कवितामा मानवतावाद, जीवनबोध, अस्तित्ववादी चेतना तथा सीमान्तकृत समुदायका पीडा र मर्म प्रतिबिम्बित हुने बताए । उनका हालसम्म प्रकाशित कविता संग्रह फरक धार, शैली र विषयवस्तुमा केन्द्रित रहेकाले पाठकले प्रत्येक संग्रहमा फरक स्वाद पाउने गरेको उनले उल्लेख गरे । निश्चलले सानै उमेरदेखि कवितामार्फत सामाजिक रूपान्तरण, सामाजिक विकृति र विसंगतिविरुद्ध आवाज उठाउँदै आएको पनि डा. पन्थले बताए । कविता संग्रह 'ब्रह्माण्डको अन्त्य' माथि माण्डव्य बहुमुखी क्याम्पसका प्राध्यापक प्रेमराज खराल र त्रिभुवन बहुमुखी क्याम्पस नेपाली विभागकी प्राध्यापक प्रतिभा पौडेलले समीक्षा तथा टिप्पणी गरेका थिए । समीक्षकद्वयले कविता संग्रह उत्कृष्ट रहेको उल्लेख गर्दै मानव जीवनमा नकारात्मक सोच र भावनाको अन्त्य गरी सकारात्मक विचार र अस्तित्वलाई क्रियाशील बनाउनुपर्ने सन्देश संग्रहले दिएको बताए । उनीहरूका अनुसार संग्रहमा मानवतावाद, मानवीय विचार, अस्तित्वको संघर्ष, विद्रोह, आन्दोलन र त्यसबाट सिर्जित पीडाका साथै प्रकृतिको अस्तित्वविपरीत मानवीय गतिविधिका कारण उत्पन्न विपत्तिले मानव जातिमा पारेको प्रभावलाई समेटिएको छ । कवितामा अझै विद्यमान जातीय विभेद, गाउँघरप्रतिको माया, बाल्यकालका यथार्थ तथा जीवनका विभिन्न चरित्र र अवस्थालाई समेत प्रस्तुत गरिएको समीक्षकहरूले बताए । उनीहरूले 'ब्रह्माण्डको अन्त्य' अस्तित्व र बीउ-बीजनको विषयवस्तुमा केन्द्रित रहेको टिप्पणी गरे । कार्यक्रममा कवि आर.बी. निश्चलले एक दिन ब्रह्माण्डको अन्त्य हुने भएकाले मानव जीवनको अन्त्य पनि स्वाभाविक रहेको भन्दै सकारात्मक भाव र मानवीय अस्तित्वको संरक्षणमा कविता केन्द्रित रहेको बताए । समाजमा विद्यमान विकृति र विसंगतिलाई व्यङ्ग्यात्मक रूपमा कवितामार्फत प्रस्तुत गरिएको उनले स्पष्ट पारे । १५७ पृष्ठको 'ब्रह्माण्डको अन्त्य' कविता संग्रहमा ७२ वटा कविता समावेश छन् । विमोचन कार्यक्रममा तानसेन नगरपालिका-९ का वडाध्यक्ष राजेशकुमार अर्याल, साहित्यकार रामप्रसाद अर्याल र मन गहिरेलगायतले कविता संग्रहबारे चर्चा गरेका थिए । कार्यक्रम त्रिभुवन बहुमुखी क्याम्पस नेपाली विभागका अध्यक्ष महेन्द्र पन्थीको अध्यक्षता, साहित्यकार डा. शंकरप्रसाद गैरेको स्वागत, नेपाली विभागका सदस्य चतुर्भुज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज इन्दिरा एकादशी



**पाल्पा,** असोज १९/आज आश्विन कृष्ण पक्षको एकादशी अर्थात् इन्दिरा एकादशी मनाइँदै छ । यसदिन पितृहरुको श्राद्ध समेत गर्ने गरिन्छ । यस दिन एकादशी व्रत बस्नेको पितृले मुक्ति पाउने विश्वास गरिन्छ ।

जुनसुकै एकादशीको व्रतले पनि मानिसको जगतको बन्धनबाट मुक्ति मिल्ने विश्वास छ । तर, एकमात्र यो यस्तो एकादशी हो जसमा व्रत बस्नाले दिवंगत पितृहरुले मोक्ष पाउँछन् भन्ने विश्वास छ । साथै पूरा हुन नसकेको भए पितृ ऋणबाट समेत मुक्ति पाउन सकिने धार्मिक विश्वास छ । इन्दिरा एकादशीका दिन विष्णुरुप शालिग्रामलाई पञ्चामृतले स्थान गराई पूजा गरी ब्रत बस्ने चलन रहेको छ । इन्दिरा एकादशीको ब्रत लिनाले समस्त पापहरुको नष्ट हुने विश्वासरहेको छ ।

**इन्दिरा एकादशी व्रत विधि**

यस व्रतमा आफ्नो खानपानमा विशेष ध्यान दिने गरिन्छ । अहिले पितृपक्ष चलिरहेको कारण यस दिन सकेसम्म लसुन प्याज, लसुन, आदिलाई भोजनमा सामेल गरिँदैन । दशमीको दिन स्नान गरेर एक समयमात्रै भोजन ग्रहण गरेर यस दिन भूमिमा नै विश्राम गर्ने गरिन्छ । एकादशीको दिन प्रात:काल सूर्योदय भन्दा पहिले उठेर स्नान आदि गरी व्रतको संकल्प गर्ने गरिन्छ । त्यसपछि कुनैपनि योग्य ब्राह्मणद्वारा श्राद्ध क्रिया गर्ने गरिन्छ । त्यसपछि सूर्यलाई अर्घ दिएर भगवान् विष्णुको विधिवत् रुपमा पूजा गर्ने गरिन्छ । ब्राह्मणलाई सात्विक भोजन गराउनुपर्दछ । प्रत्येक एकादशीमा दान पुण्य गर्नु एकदमै शुभ मान्ने गरिन्छ । यसको लागि गरिबहरुलाई दान दिनु उपयुक्त मान्ने गरिन्छ । प्रात: कालको पूजापछि दिनभर व्रत बसी भगवानको ध्यान गर्ने गरिन्छ ।

साथै कुनैपनि कारणबाट क्रोध, लोभ, मोह इत्यादि गर्नुहुँदैन । त्यसपछि साध्य पूजन गरेर फलाहार ग्रहण गर्नुपर्दछ ।

## खेलकुद समाचार

### नेसन्स लिगमा नर्वेमाथि पोर्चुगलको जित



**काठमाडौं,** असोज १९/गोन्कालो रामोसको निर्णायक गोलको मद्दतमा पोर्चुगलले युइएफए नेसन्स लिगमा नर्वेलाई दुई-एक गोलले पराजित गरेको छ । घरेलु मैदान इस्टाडियो डो ड्रागाओमा भएको खेलमा पोर्चुगलले एक गोलले पछि परेको अवस्था उल्टाउँदै जित निकालेको हो । खेलको ३६औँ मिनेटमा क्रिस्टोफर आयरले गोल गर्दै नर्वेलाई सुरुवाती अग्रता दिलाएका थिए । तर नर्वेको अग्रता धेरैबेर टिक्न सकेन । त्यसको दुई मिनेटपछि नै जोआओ कान्सेलोले पोर्चुगलका लागि बराबरी गोल गरे । उनले नुनो मेन्डेसको थ्रो-इनलाई नियन्त्रणमा लिँदै पेनाल्टी क्षेत्रको किनारबाट पहिलो टचमै गोल गरेका थिए । दोस्रो हाफमा दुवै टोलीले अग्रता लिने केही राम्रा अवसर सिर्जना गरे । तर खेलको ७९औँ मिनेटमा पोर्चुगलले निर्णायक गोल गर्न सफल भयो । जोआओ फेलिक्सले मिलाइदिएको बललाई गोन्कालो रामोसले उत्कृष्ट ढंगले गोलमा परिणत गरेपछि पोर्चुगलले दुई-एक गोलको अग्रता बनाएको थियो । त्यसपछि नर्वेले बराबरी गोल फर्काउने प्रयास गरे पनि सफल हुन सकेन । खेलको अन्त्यतिर फ्रान्सिस्को कोन्सेइकाओले रातो कार्ड पाएर मैदान छाडे पनि पोर्चुगलले अग्रता जोगाउँदै महत्वपूर्ण तीन अंक हात पार्‍यो । यो जितसँगै पोर्चुगलले नेसन्स लिगको समूह 'ए ४' मा आफ्नो विजयी यात्रा कायम राखेको छ । रोनाल्डो टोलीमा नरहेको अवस्थामा गोन्कालो रामोसले लगातार प्रभावशाली प्रदर्शन गर्दै पोर्चुगलको अग्रपंक्तिमा आफ्नो दाबेदारीसमेत बलियो बनाएका छन् ।


**वर्गिकृत डिस्प्ले**

***१X५ साइजमा मात्र***

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**


## अर्थ/कर्पोरेट समाचार

### शेयर बजार दोहोरो अङ्कले घट्यो



**पाल्पा,** असोज १९/साताको पहिलो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ । नेप्से परिसूचक २०.४८ अंकले घटेर २५६६.७६ विन्दुमा अडिएको हो ।

यसदिन ३५९ वटा स्क्रिप्सको ९० लाख ३ हजार ३८८ कित्ता सेयर ३ अर्ब २७ करोड ९५ लाख ९ हजार ८३६ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये ३२ वटा स्टक्सको मूल्य बढ्दा २४२ वटाको घट्यो । ४ वटा स्टक्सको मूल्य स्थिर रह्यो । दोहोरो अंकले घटेको बजारमा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । १० दशमलव ३० प्रतिशत स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड डिवेन्चरको सेयर सर्वाधिक ५.७५ प्रतिशतले बढ्यो । २२ करोड मूल्य बराबरको कारोबार गरी घलेमादी हाइड्रोपावर शीर्षस्थानमा रह्यो । हाथवे इन्भेस्टमेन्ट नेपाल र शिवम् सिमेन्टले ८/८ करोडको सेयर कारोबार गरे। यसैगरी हिमालयन डिस्टिलरी र पिपुल्स हाइड्रोपावरले ७/७ करोडको कारोबार गरे । ट्रेडिङ समूहको उपसूचकबाहेक अरु बाँकी समूहको उपसूचक नकारात्मक देखिए ।


**दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गा.वि.स.-५ फुक्टुङ्ग, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. JC 602622 X का SM/H/Lt. कमल बिक्रम थापा (ना.प्र.मा कमल बिक्रम खाँण) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा विजय श्वरी (Vijaya Shori) र जन्म मिति सन् १९६९ डिसेम्वर १९ (वि.स.२०२६/०९/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा विजयश्वरी खाँण (Vijayashori khand), जन्म मिति वि.स. २०२६/०९/०४ (सन् १९६९ डिसेम्वर १९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की साविक स्याङजा जिल्ला साखर गा.वि.स.-१,हाल पाल्पा जिल्ला रामपुर नगरपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5244318W का NK भोज बहादुर राना (ना.प्र.मा भोज बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा पार्वति देवी (Parvati Devi) र जन्म मिति सन् १९६८ जुन १० (वि.स.२०२५/०२/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा पार्वति राना (Pravati Rana), जन्म मिति वि.स. २०२४/०६/२५ (सन् १९६७ अक्टुवर ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई